प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(.............................शाखा)
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

मिति : ..............................

# प्रेस विज्ञप्ति

नेपालको राष्ट्रिय गौरवको रुपमा रहेको ऐतिहासिक सम्पदा **"धरहरा"** २०७२ साल बैशाख १२ गतेको महाभुकम्पमा ध्वस्त भई यसको पुनःनिर्माणका लागि सम्माननीय प्रधानमन्त्रीज्यूबाट घोषित **मेरो धरहरा मै बनाउछु** अभियान अन्तरगत नेपालीको आफ्नै पूँजीबाट पुनःनिर्माण गर्ने उद्देश्य रहेको व्यहोरा विदितै छ। यस अभियानका लागि स्रोत संकलन गर्न सघाउ पुऱ्याँउने उद्देश्यले नेपाल सरकारका विशिष्ठ श्रेणीका पदाधिकारीहरुबाट शुरु तलव स्केलको ३ दिनको तलब योगदान गर्ने तथा नेपाल सरकारका सम्पूर्ण कर्मचारीहरु एवं अन्य सार्वजनिक निकायमा कार्यरत कर्मचारीहरुबाट समेत स्वेच्छाले रकम संकलन गर्न सबै मन्त्रालय/आयोग/संस्थान/बैंक/वित्तीय संस्था लगायतका निकायहरुलाई अनुरोध गर्ने नेपाल सरकारका सचिवहरुको मिति २०७२।१२।१५ को बैठकबाट निर्णय भएकोले सबै मन्त्रालयहरुले सोही बमोजिम रकम संकलन गर्न र मातहतका निकायहरुबाट पनि सोही अनुसार रकम संकलन गर्ने व्यवस्था गर्नुहुन अनुरोध छ। सरकारी तथा सार्वजनिक बाहेक अन्य विभिन्न निकायमा कार्यरत कर्मचारीहरु र सर्वसाधारणलाई समेत धरहरा पुनःनिर्माणका लागि रकम संकलन गर्न नेपाल सरकारले सम्बन्धित सबैलाई आव्हान गरेको छ। संकलित रकम राष्ट्रिय वाणिज्य बैंक थापाथली शाखामा रहेको **धरहरा पुनः निर्माण कोष**को खाता नं **१४३०००१९८००१** मा जम्मा गर्न सक्ने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ।

२०७२ चैत्र १६ गते

(विनोद बहादुर कुँवर)
प्रवक्ता/सहसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np